गण्डकी प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
पोखरा, नेपाल

निमित्त प्रमुख सचिव

# खेलाडी कल्याणकारी कोष स्थापना तथा सञ्चालन कार्यविधि,२०८२

**प्रस्तावना:** गण्डकी प्रदेशमा खेलकुद, खेलाडी, रेफ्री, प्रशिक्षक, कर्मचारी तथा पदाधिकारीहरूको सामाजिक सुरक्षा, विमा, आकस्मिक उद्धार, उपचार एवं पुनस्थापनाका लागि सहायता उपलब्ध गराई सामाजिक रुपान्तरण एवं प्रदेशको गरिमा अभिबृद्धि गर्न वाञ्छनीय भएकोले,

गण्डकी प्रदेश खेलकुद विकास ऐन, २०७७ को दफा ४० को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी गण्डकी प्रदेश सरकारबाट यो कार्यविधि बनाएको छ ।

## परिच्छेद – १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम **"खेलाडी कल्याणकारी कोष स्थापना तथा सञ्चालन कार्यविधि,२०८२"** रहेको छ ।

(२)यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) 'अध्यक्ष' भन्नाले समितिको अध्यक्षलाई सम्झनु पर्छ।

(ख) 'ऐन' भन्नाले प्रदेश खेलकुद विकास ऐन, २०७७ सम्झनु पर्छ।

(ग) 'कोष' भन्नाले दफा ६ बमोजिमको कोषलाई सम्झनु पर्छ ।

(घ) 'खेलाडी' भन्नाले वर्तमान र पूर्व खेलाडी समेतलाई सम्झनु पर्छ।

(ङ) 'परिषद्' भन्नाले प्रदेश खेलकुद परिषद गण्डकीलाई सम्झनु पर्छ।

(च) 'प्रदेश खेलकुद परिषद्' भन्नाले प्रदेश खेलकुद विकास ऐन,२०७७ को दफा ३ बमोजिम गठन भएको परिषद्लाई सम्झनु पर्छ ।

(छ) 'मन्त्रालय' भन्नाले खेलकुद सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ ।

(ज) 'नियमावली' भन्नाले गण्डकी प्रदेश खेलकुद विकास नियमावली–२०७८ सम्झनु पर्छ ।

(झ) 'रेफ्री (निर्णायक समेत), कर्मचारी, पदाधिकारी, भन्नाले प्रतियोगिताको दौरान खटिने तथा परिषद्मा सुचिकृत भएका निर्णायक/प्रशिक्षक, कर्मचारी/व्यस्थापक, पदाधिकारीलाई सम्झनु पर्छ ।

(ञ) 'समिति' भन्नाले दफा ३ बमोजिम कोष सञ्चालक समितिलाई सम्झनु पर्छ ।

(ट) 'सदस्य' भन्नाले सञ्चालक समितिको अध्यक्ष र सचिव समेतलाई सम्झनु पर्छ ।

गण्डकी प्रदेश सरकार
सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय
पोखरा, नेपाल

नि. सचिव

निमित्त प्रमुख सचिव

## परिच्छेद – २

## समितिको गठन, काम, कर्तव्य र अधिकार

३. <u>सञ्चालक समितिको गठन</u> : (१) कोषको काम कारवाहीको प्रभावकारी सञ्चालन र रेखदेख गर्न देहाय बमोजिमको सञ्चालक समिति रहनेछ :-

(क) परिषदको सदस्य सचिव - अध्यक्ष
(ख) मन्त्रालयको अधिकृत स्तरको प्रतिनिधि - सदस्य
(ग) अर्थ मन्त्रालयको अधिकृत स्तरको प्रतिनिधि - सदस्य
(घ) परिषदको खेलकुद स्वास्थ्य तथा अनुसन्धान केन्द्र प्रमुख - सदस्य
(ङ) परिषदको आर्थिक प्रशासन प्रमुख - सदस्य
(च) प्रदेश खेल संघ समन्वय समितिको आधिकारीक प्रतिनिधि - सदस्य
(छ) प्रदेश खेलकुद परिषदको प्रशासन शाखा प्रमुख - सचिव

(२) सञ्चालक समितिको बैठकमा भाग लिनको लागि समितिले खेलसंघको प्रतिनिधि वा सम्बन्धित विशेषज्ञलाई आमन्त्रण गर्न सक्नेछ ।

४. <u>सञ्चालक समितिको काम कर्तव्य र अधिकार</u>: समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलाडी र उनीहरुले कायम गरेको किर्तिमान परिषद मार्फत अभिलेख राख्ने ।

(ख) खेलकुदसंग सम्बन्धित प्रदेश संघको सिफारिसको आधारमा खेलाडी, रेफ्री, प्रशिक्षक, कर्मचारी, पदाधिकारी तथा तिनका परिवारलाई आर्थिक सहयोग गर्ने ।

(ग) खेलाडी, रेफ्री, प्रशिक्षक, कर्मचारी, पदाधिकारीका सन्तानलाई अध्ययन छात्रवृति प्रदान गर्ने ।

(घ) खेल जीवनमा शारीरिक तथा मानसिक रुपमा विकलाङ्ग हुन पुगेका, दुर्घटनामा परेका जस्ता गम्भिर प्रकृतिका शारीरिक अशक्तता भएका वर्तमान तथा पूर्व खेलाडीहरुलाई मेडिकल रिपोर्ट र प्रहरी मुचुल्काको सिफारिसका आधारमा आर्थिक सहयोग गर्ने गराउने।

(ङ) मृत्यु भएका खेलाडीका परिवारलाई आर्थिक सहयोग गर्ने गराउने ।

(च) खेलाडी, रेफ्री/निर्णायक/प्रशिक्षक तथा पदाधिकारीहरुको उद्धार/जोखिम बिमा तथा कल्याणकारी कार्यक्रम गर्ने गराउने ।

(छ) कोषको बार्षिक आम्दानी र खर्चको विवरण परिषदमा पेश गरी अनुमोदन गर्ने गराउने ।

(ज) कोषको दैनिक तथा बार्षिक कारोबारको हिसाब किताव दुरुस्त राख्ने ।

नि. सचिव

निमित्त प्रमुख सचिव

५. **समितिको बैठक र निर्णय** : (१) अध्यक्षबाट निर्देशन भए अनुसार सचिवले मिति, समय र स्थान तोकी समितिको बैठक बोलाउने छ।

(२) समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ । निजको अनुपस्थितिमा समितिका जेष्ठ सदस्यले अध्यक्षता गर्ने छ ।

(३) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(४) समितिको कुल सदस्य संख्याको ५१ प्रतिशत गणपुरक सङ्ख्या मानिनेछ ।

(५) बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षता गर्ने ब्यक्तिले निर्णयात्मक मत दिन सक्नेछ ।

(६) सचिवले बैठकको निर्णय पुस्तिका राख्नेछ ।

(७) समितिको बैठकको निर्णय उपस्थित सदस्यहरुले प्रमाणित गरेपछि लागु हुनेछ।

(८) सञ्चालक समितिले नियम ११ को अधिनमा रही आफ्नो निर्देशिका वा विनियम आफै व्यवस्थित गर्न सक्नेछ।

## परिच्छेद – ३

## कोषको स्थापना, उद्देश्य तथा प्रयोग

६. **कोषको स्थापना**: (१) ऐन र नियमावली बमोजिम खेलाडी कल्याणकारी कोष नामक एक कोषको स्थापना गरिनेछ ।

(२) यो कोष परिषद्प्रति उत्तरदायी हुनेछ ।

(३) कोषको संरक्षक परिषदको अध्यक्ष हुनेछ ।

(४) कोषको कार्यालय परिषदमा रहनेछ र सञ्चालक समिति तथा परिषद्का कर्मचारीहरुबाट सञ्चालित हुनेछ ।

७. **कोषको उदेश्य** : कोषको उदेश्य देहाय बमोजिम हुनेछ :

(क) खेलाडी, रेफ्री, प्रशिक्षक, कर्मचारी, पदाधिकारीको खेल प्रतिको निरन्तरतालाई सुनिश्चित गर्ने गराउने।

(ख) समग्र खेल जिवन संग सम्बन्धित खेलाडीको हकहित संरक्षण गर्ने गराउने।

(ग) खेलाडीको खेल प्रतिको भावनालाई जागरुक बनाउने, उत्साहित तुल्याउने, राष्ट्रप्रति खेलाडीहरुको समर्पण जगाउने ।

(घ) खेलाडीको कल्याणको लागि सहयोग प्रदान गर्ने ।

८. **कोषको प्रयोग** : कोषको रकम देहायका कार्यहरुमा खर्च गरिनेछ :

(क) खेल क्षेत्रमा समर्पित खेलाडीलाई खेल जिवनमा आईपर्ने भौतिक तथा आर्थिक समस्यामा राहत पुर्याउन।



नि. सचिव

गण्डकी प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय पोखरा, नेपाल

निमित्त प्रमुख सचिव

(ख) राष्ट्रिय तथा अन्तराष्ट्रिय किर्तिमान कायम गरेका खेलाडी र खेलाडीका छोराछोरीलाई छात्रबृत्ति प्रदान गर्न।

(ग) खेलाडी, रेफ्री (निर्णायक), प्रशिक्षक, कर्मचारी तथा पदाधिकारीको विमा, आकस्मिक उद्धार, उपचार एवं पुनस्थापना कार्यमा सहयोग पुर्याउन ।

(घ) प्रदेश सरकार र परिषद्ले तोकेको अन्य कल्याणकारी कार्यमा सहयोग पुर्याउन।

९. <u>कोषको व्यवस्था र सञ्चालन</u> : (१) कोषमा जम्मा हुने रकम सरकारी कारोवार गर्ने बैंकमा छुट्टै खाता खोली जम्मा गरिनेछ ।

(२) कोषको खाता सञ्चालन सञ्चालक समितिको अध्यक्ष वा निजले तोकेको समितिको सदस्य,आर्थिक प्रशासन शाखा प्रमुख र सचिवको संयुक्त दस्तखतबाट हुनेछ ।

(३) कोषको रकमलाई बार्षिक कार्यक्रम बनाई परिषदबाट स्वीकृत गराई खर्च गर्नु पर्नेछ ।

१०. <u>कोषको आयश्रोत र खर्च</u>: कोषमा देहायबमोजिमको प्रक्रियाबाट रकम संकलन तथा खर्च गरिनेछः-

(क) नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकार, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्था, व्यापारी, ब्यक्ति, उद्योगपति, चन्दा, दान र सहयोगबाट प्राप्त रकम समेत संकलन गरी कोषमा जम्मा हुने छ।

(ख) परिषदको स्थापना गर्न छुटयाईएको रकम दफा ९ को उपदफा (१) बमोजिमको कोषमा राखिने र सञ्चालन गरिने छ।

(ग) उक्त कोषमा हरेक बर्ष परिषद्ले रकम थप गर्दै लैजान सक्नेछ।

(घ) खण्ड (क), (ख) र (ग) वमोजिम प्राप्त हुने रकम कोषको नाममा रहेको मुद्धती खातामा जम्मा गरिनेछ र सो को ब्याज रकमबाट नै दफा (८) मा उल्लेखित कार्य गर्नका लागि खर्च गरिनेछ ।

(ङ) कोषको रकम दफा ९ को उपदफा (३) बमोजिम गर्नुपर्ने छ ।

(च) कुनै व्यक्ति, संघ संस्था वा निकायबाट दफा (८) बमोजिमको कार्य गर्नको लागि उपलब्ध गराईएको रकम सिधै सोही प्रयोजनको लगि समेत खर्च गर्न सकिनेछ।

११. <u>कोष सञ्चालन विधि</u> : कोष सञ्चालनको लागि आवश्यक मापदण्ड बनाउने र सो मा समयानुकुल संशोधन र थपघट गर्ने सम्पुर्ण अधिकार सञ्चालक समितिलाई रहनेछ।तर उक्त निर्देशिका वा विनियम बनाउदा वा संसोधन गर्दा परिषदको पूर्व स्वीकृति लिनुपर्नेछ।

## परिच्छेद–५

## <u>विविध</u>

१२. <u>स्वीकृति लिनु पर्ने</u> : यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि गण्डकी प्रदेश सरकारलाई थप आर्थिक दायित्व पर्ने विषयमा मन्त्रालय समेतको सहमति लिनु पर्नेछ ।



नि. सचिव

गण्डकी प्रदेश सरकार सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय पोखरा, नेपाल

गण्डकी प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय
पोखरा, नेपाल

निमित्त प्रमुख सचिव

१३. **सदस्यको भत्ता**: समितिका सदस्यहरुले सञ्चालक समितिको बैठकमा भाग लिए पश्चात प्रचलित नियमानुसार बैठक भत्ता पाउनेछन ।

१४. **लेखा परिक्षण**: (१) कोषको अन्तिम लेखा परिक्षण महालेखा परिक्षकको कार्यालयबाट खटिएको लेखा परिक्षकबाट गर्नुपर्नेछ।

(२) प्रदेश सरकार वा मन्त्रालयले चाहेमा कोषको हिसाब किताब, सम्बन्धित कागजात जुनसुकै बखत निरिक्षण गर्न, जाच्न सक्नेछ ।

१५. **निर्देशन दिन सक्ने:** (१) मन्त्रालयले कोषको कार्य सञ्चालन सम्बन्धमा आवश्यक निर्देशन दिन सक्नेछ।

(२) मन्त्रालयले दिएको निर्देशन पालना गर्नु सञ्चालक समितिको कर्तव्य हुनेछ।

१६. **बाधा अडकाउ फुकाउ**: (१) प्रदेश खेलकुद ऐन, २०७७ प्रदेश खेलकुद नियमावली,२०७८ को व्यवस्थापसँग यस कार्यविधिको कुनै अंश बाझिएमा वाझिएको हदसम्म यस कार्यविधिको व्यवस्था स्वतः खारेज हुनेछ ।

(२) कुनै कारण बस कोषको खाता बन्द गर्नुपर्ने भएमा कोषको रकम संचित कोषमा दाखिला गर्नु पर्नेछ।

नि. सचिव

गण्डकी प्रदेश सरकार
सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय
पोखरा, नेपाल